मंगला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

प.सं.: ०७७/०७८
च.नं.: ३८०

मितिः- २०७७/०६/३०

## विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना रोकथाम तथा नियन्त्रण गर्नका लागि मंगला गाउँपालिकाको कोभिड-१९ रोग रोकथाम तथा नियन्त्रण समन्वय समितिवाट गठित कार्यदलका संयोजक एव मंगला गाउँपालिका अध्यक्ष श्री सत प्रसाद रोकाको अध्यक्षतामा वसेको कार्यदलको मिति २०७७/०६/३० को वैठक निर्णय अनुसार तपशिलमा उल्लेखित वुदाँहरुलाइ संलग्न गरी विज्ञप्ति प्रकाशन गर्ने निर्णय गरिएकाले विज्ञप्तिमा संलग्न वुदाँहरुलाइ प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक सहयोग तथा प्रचार प्रसार गर्न गराउनु हुन आम मंगलावासी नागरिक, जनप्रतिनिधी, स्थानीय राजनितिक दलका प्रमुख तथा प्रतिनिधी, उद्योगि व्यापारी, स्थानीय संघ संस्था, युवा क्लव, वित्तिय संघ संस्था, राष्ट्र सेवक कर्मचारी, सुरक्षा निकाय, संचारकर्मी र कोभिड-१९ रोग रोकथाम तथा नियन्त्रण टोल स्तरीय समिति सवैमा मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको परिवार हार्दीक अनुरोध गर्दछौं ।

१. कोभिड-१९ को वढ्दो संक्रमण र यसवाट जिल्लामा पर्न सक्ने असरलाई मध्यनजर गर्दै नजिकिदै गइरहेको बडा दशैंमा टिका लगाउने र लगाइदिने कार्य आ-आफ्नो घरमा गर्ने/गराउने र अन्य इष्टमित्र तथा मान्यजनहरुकोमा आवत जावत नगर्न/नगराउन अनुरोध गर्दछौं ।

२. लामोदुरीको यातयात र आन्तरिक हवाइ सेवा संचालनमा आएकाले कोभिड-१९ को संक्रमण ग्रामिण समुदायमा फैलिन गई थप जोखिममा पर्ने सम्भावना रहेकाले जिल्ला वाहिरवाट आउने व्यक्तिहरु सोझै परिवार र समुदायमा घुलमिल भई संक्रमण थप फैलिने हुदाँ प्रत्येक आगन्तुक नागरिकलाई १४ दिन सम्म होम क्वारेन्टाइनमा अनिवार्य वस्न लगाउने सोको प्रभावकारी अनुगमन गर्न प्रत्येक टोलमा पालिकावाट गठित कोभिड-१९ रोग रोकथाम तथा नियन्त्रण टोल स्तरीय समितिले गर्ने गराउने व्यवस्था मिलाउन हुन अनुरोध गर्दछौं ।

३. कोभिड-१९ को संक्रमण समुदाय स्तरमा फैलिएको कारण गाउँपालिका क्षेत्र भित्र हुने जमघट, स्थानीय स्तरमा खेलिने खेलकुद कार्यक्रम र मेला पर्वका कार्यहरु नगर्नु/नगराउनु हुन अनुरोध गर्दछौं ।

४. कोभिड-१९ को संक्रमणका समुदायमा थप जोखिम पर्ने भएकाले स्वास्थ्य सुरक्षा मापदण्डलाइ प्रभावकारी कार्यान्वयन गर्नका लागि भौतिक दुरी कायम गर्ने, अनावश्यक भिडभाडमा नजाने, अनिवार्य माक्सको प्रयोग गर्ने, सावुन पानीले हात धुने वा स्यानीटाइजरको प्रयोग गर्नु हुन अनुरोध गर्दछौं ।

५. मंगला गाउँपालिका वडा नं. १ स्थायी ठेगाना भएका वर्ष ३९ का एक जना पुरुष र मंगला गाउँपालिका वडा नं. २ स्थायी ठेगाना भएका वर्ष ६५ का एक जना परुषमा कोरोना संक्रमणको पुष्टी भएकाले निजहरुको सम्पर्कमा रहेका परिवार र अन्य महानुभावहरुलाइ अनिवार्य सुरक्षित रुपमा होम क्वारेन्टाइनमा वस्नु हुन साथै कोरोना संक्रमणको लक्षण देखापरेमा नजिकको स्वास्थ्य संस्था, मंगला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, जिल्ला स्वास्थय कार्यालय र DCCMC म्याग्दीमा सुचना गर्नु हुन अनुरोध गर्दछौं ।

..............................
(सत प्रसाद रोका)
मंगला गाउँपालिका अध्यक्ष